# राष्ट्रिय सूचना आयोग

**का. म. न. पा.-१०, बानेश्वर, देवीनगर**


प. सं. ०७८/७९

च. नं. ............

**सूचनाको हक कार्यान्वयन सम्बन्धी परीक्षण प्रतिवेदन, २०७८ सम्बन्धी**

**प्रेस विज्ञप्ति**

संवैधानिक र कानूनी रुपमा नागरिक अधिकारका रुपमा प्रत्याभूत सूचनाको हकको कार्यान्वयन गर्ने प्राथमिक दायित्व र जिम्मेवारी सार्वजनिक निकायको हो । सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने, त्रैमासिक रुपमा स्वतः प्रकाशन गर्ने, माग भएको सूचनाको अभिलेख राख्ने, माग भएका सूचना उपलब्ध गराउने जस्ता कार्यहरू गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । राष्ट्रिय सूचना अयोगले सार्वजनिक निकायले सूचनाको हक कार्यान्वयन गरेको/नगरेको अवस्था मूल्याकंनका लागि प्रत्येक वर्ष सूचनाको हक परीक्षण (आरटीआई अडिट) गर्ने गरेको छ । विगतमा संघीय मन्त्रालय, विभाग तथा कार्यालयहरूको परीक्षण गर्ने गरेकोमा संघीयता लागू भए पश्चातको अवस्थालाई ध्यानमा राखी प्रदेशस्तरका सार्वजनिक निकायहरूको परीक्षण गर्न आवश्यक ठानी यस आर्थिक वर्षमा ३ वटा प्रदेशहरू बागमती, गण्डकी र मधेश प्रदेशका सार्वजनिक निकायहरूको परीक्षण प्रतिवेदन प्राप्त गरेको छ । अन्य प्रदेश तथा स्थानीय तहको समेत परीक्षण गरी प्रतिवेदन लिने लक्ष्य आयोगले लिएको छ । यसका लागि आवश्यक बजेटको व्यवस्था हुनु पर्ने आयोगको ठहर रहेको छ ।

प्राप्त प्रतिवेदन यही असोज १२ अर्थात् सेप्टेम्बर २८ का दिन सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री अग्नी प्रसाद सापकोटाबाट सार्वजनिकीकरण गरिएको थियो । सोही प्रतिवेदन आयोगको वेवसाइटमा राखिएको छ ।

परीक्षण गर्दा १० वटा सूचकहरूमा प्रत्येक सूचकलाई १० अंक भार मानी आरटिआई अडिट गरिएको थियो । उक्त १० वटा सूचकलाई आधार मानी प्रदान गरिएको सूचनाहरूमा सूचना अधिकारी तोक्ने सम्बन्धी कार्यान्वयनका अवस्थाका आधारमा बागमती ७.३ अंक, गण्डकी र मधेश प्रदेशले समान १० अंक नै प्राप्त गरेका छन् । त्यसैगरी स्वतः प्रकाशन ३/३ महिनामा गरेको कार्यान्वयनको स्थितिमा बागमती ४ अंक, गण्डकी ८ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना माग र प्रवाहको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने सम्बन्धी कार्यान्वयनको स्थितिमा बागमतीले १.४ अंक, गण्डकीले ८ अंक र मेधश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना अधिकारीले सूचनाका क्षेत्रका गतिविधिहरूलाई एकीकृत गर्ने गरे/नगरेको स्थितिमा बागमतीले ३.१ अंक, गण्डकी ७ अंक र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् । यसैगरी सूचना अधिकारीको बोर्ड राखिएको वा नराखिएको विषयमा बागमतीले ४.३ अंक, गण्डकीले ९ अंक र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् । वेवसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशनको विषय भए/नभएकोमा बागमतीले ४.४ अंक, गण्डकीले ९ अंक र मधेश प्रदेशले १० अंक प्राप्त गरेका छन् । मन्त्रालयको वेवसाइट दुरुस्त भए/नभएकोमा बागमतीले ६ अंक, गण्डकीले १० अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । सूचना प्रवाहमा मन्त्रालयले अग्रसरता र नियमित प्रेस भेटघाट भए/नभएकोमा बागमती ६ अंक, गण्डकी ८ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् । त्यसै गरी सूचनाको हक तालीममा समावेश गर्ने गरे/नगरेकोमा बागमतीले १.५, गण्डकीले ६ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छने । सूचनाको हकको दायित्व पूरा गरे/नगरेको जस्तै; विभिन्न भाषामा सूचना प्रवाह गर्ने र आमसञ्चार प्रयोग गरी सूचनाको प्रचार प्रसार गर्ने गरेको वा नगरेको वा वर्गीकरण गरी/नगरेको सम्बन्धमा बागमतीले ५.१ अंक, गण्डकी ७ अंक र मधेश प्रदेशले ५ अंक प्राप्त गरेका छन् ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७८ असोज २६ गते बुधबार ।